मिति २०८० श्रावण २२ मा माननीय मुख्यमन्त्रीज्यूको समुपस्थितिमा प्रदेशका मन्त्रीज्यू र सचिव सहभागी आर्थिक वर्ष २०८०।०८१ को बार्षिक विकास कार्यक्रम कार्यान्वयन कार्ययोजना प्रस्तुतीकरण सम्पन्न भयो र उक्त कार्ययोजना लगायतका विषयमा देहाय बमोजिम गर्ने :

## निर्णयहरुः

**क. बार्षिक विकास कार्यक्रम कार्यान्वयन कार्ययोजना सम्बन्धीः-**

१. तयारी आवश्यक पर्ने खास आयोजना/कार्यक्रमको हकमा बाहेक मन्त्रालयले सबै आयोजना/कार्यक्रमको लागत अनुमान स्वीकृति भदौ महिनाभित्रै गर्ने व्यवस्था मिलाउने ।

२. मन्त्रालयले आयोजना/कार्यक्रमको जिल्लागत रुपमा हरेक महिना फरक आयोजना तथा कार्यालय छनौट गरी अनुगमन तथा मूल्याङ्कन गर्ने गरी कार्ययोजना बनाउने र एक वर्षमा १२ वटै जिल्लामा अनिवार्य मन्त्रालयका सचिवबाट अनुगमन भएको प्रतिवेदन पेश गर्ने।

३. मन्त्रालयबाट सम्पादन गर्नुपर्ने नियमित, प्रशासनिक, नियमनकारी तथा अन्य मुख्य कार्य समेत कार्ययोजनामा समावेश गरी यस कार्यालयमा समेत पठाई कार्यान्वयन गर्ने ।

**ख. अन्यः-**

१. मन्त्रालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (Public Assets Management System-PAMS) मातहतका सबै निकाय तथा कार्यालयमा अनिवार्य कार्यान्वयनको व्यवस्था मिलाउने ।

२. मन्त्रालयले वार्षिक कार्ययोजना कार्यान्वयनमा प्रभावकारीता आउने गरी पदगत कार्यविवरण अनुरुप कार्यसम्पादन सम्झौता २०८० श्रावण महिनाभित्रै गर्ने व्यवस्था मिलाउने र कार्यालय प्रमुख र आयोजना प्रमुखसँग भएको कार्यसम्पादन सम्झौताको संख्यात्मक प्रगति यस कार्यालयमा उपलब्ध गराउने ।

३. मन्त्रालयले कार्यविधि, निर्देशिका आदि स्वीकृत गरी गराई २०८० श्रावण भित्र वेवसाइटमा राख्ने व्यवस्था समेत मिलाउने ।

४. मन्त्रालयका अधिकृतस्तरका कर्मचारीलाई एक महिनाभित्र प्रस्तुतीकरण सम्बन्धी सीपमूलक तालीम प्रदान गरी यस कार्यालयलाई जानकारी गराउने ।

५. आयोजना/कार्यक्रम कार्यान्वयनमा सहजीकरण र प्रभावकारिताका लागि प्रदेश मन्त्रालय, संघीय निकाय तथा स्थानीय तहसँग समन्वय गर्ने ।

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
राप्ती उपत्यका (देउखुरी) नेपाल